# स्थानीय राजपत्र

## लिम्चुङबुङ गाउँपालिका

खण्ड (५) संख्या (१३) बाराहा, उदयपुर १ नं प्रदेश नेपाल
२०७८/१०/७

## भाग-२

### कृषि तथा पशुपंक्षी उपज बजार स्थलको ब्यवस्थापन तथा संचालन सम्वन्धी कार्यविधि, २०७८

लिम्चुङबुङ गाउँ सभाको वैठकबाट स्वीकृत भएको ऐन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम लिम्चुङबुङ गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि २०७४ अनुसार सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संबत् २०७८ सारको कार्यविधि नं १३**

# कृषि तथा पशुपंक्षी उपज बजार स्थलको व्यवस्थापन तथा संचालन सम्वन्धी कार्यविधि, २०७८

**पृष्ठभूमि :**

मुलुकमा खाद्यान्न, नगदेवाली लगायत विभिन्न कृषि तथा पशुपंक्षी उपजहरुको उत्पादनमा बृद्धि गर्ने प्रयास गत ३ दशक भन्दा अघि देखि जारी रहेको छ । यसवाट विभिन्न वालीहरुको उत्पादन तथा उत्पादकत्वमा उल्लेखनीय बृद्धि हुंदै आएको छ । कृषकहरुलाई उत्पादन बृद्धिमा अझ वढी हौसला प्रदान गर्नका लागि उत्पादित कृषि तथा पशुपंक्षी उपजहरुको सरल तरीकाले विक्रि वितरणको व्यवस्था मिलाउन वजार प्रणालीको विकास गर्न अत्यन्त जरुरी रहेको हुन्छ ।

यस सिलसिलामा खाद्यान्न, मौरीपालन संग सम्वन्धित उत्पादनहरु, च्याउ, फलफूल, माछा, पशुजन्य उत्पादन, नगदे वालीहरुको लागि ग्रामीण स्तर देखि अर्ध शहरी, शहरी प्रकृतिका क्षेत्रसम्म वजार सुविधामा विस्तार गर्नु पर्ने अवस्था देखिएको छ । तर वजार स्थलको छनौट, स्थापना, विकास र निर्माण सम्पन्न गरी यस्ता वजारलाई स्थायित्व प्रदान गर्ने कार्य त्यति सजिलो छैन । यस्ता पक्षमा सुधार गर्नका लागि निजी, अर्ध सरकारी, सरकारी वा गैरसरकारी क्षेत्रका संघ संस्थाहरु तथा स्थानिय सरकारले पनि सक्रिय भूमिका निर्वाह गर्दै जानु पर्ने हुन्छ ।

गाउँपालिका क्षेत्र भित्र जहाँ कहिं पनि वजार स्थलको छनौट, विकास एवं कार्य संचालन र समितिको गठन व्यवस्था आदि

प्राविधिक पक्षको कार्यान्वयन गर्ने जिम्मेवार निकाय लिम्चुङबुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतको कृषि विकास शाखा रहेको छ । गाउँ कार्यपालिकाले स्थानीय सरकार सन्चालन ऐन २०७४ को परिच्छेद १५ को दफा १०२ को उपदफा २ बमोजिम । “ कृषि तथा पशुपंक्षी उपज बजार स्थलको व्यवस्थापन तथा संचालन सम्वन्धी कार्यविधि, २०७८” स्वीकृत गरि जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम “कृषि तथा पशुपंक्षी उपज बजार स्थलको व्यवस्थापन तथा संचालन सम्वन्धी कार्यविधि, २०७८” रहेको छ । (२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. कार्यविधि लागु हुने ठाउँ : गाउँपालिकाका विभिन्न वडाहरुमा भएका र स्थापना हुने “कृषि तथा पशुपंक्षी उपज वजार स्थल ।

३. परिभाषा :

(क) “समिति” भन्नाले यस कार्यविधि बमोजिम गठित “कृषि तथा पशुपंक्षी उपज बजार संचालक समिति” सम्झनु पदर्छ ।

(ख) “वजार” भन्नाले फलफूल, तरकारी, तेलहन, दलहन, मह, च्याउ, दुग्ध तथा माछा मासु जस्ता ताजा वा नाशवान कृषि तथा पशुपंक्षी उपज वा समितिले तोकेको अन्य कृषि तथा पशुपंक्षी उपजको खरीद बिक्री सम्वन्धी कृयाकलाप गर्न यस कार्यविधि वमोजिम व्यवस्थापन गरिने स्थान सम्झनु पदर्छ ।

(ग) “कोष” भन्नाले समितिलाई प्राप्त नगद तथा जिन्सी सामान सम्झनु पर्दछ ।

(घ) “कृषि तथा पशुपंक्षी उपज” भन्नाले कृषि तथा पशुपंक्षी क्षेत्रवाट उत्पादित तेलहन, दलहन, मसला वाली, फलफूल, तरकारी, मह, च्याउ, दुध तथा माछा मासु जस्ता ताजा वा नाशवान उपज तथा अन्य कृषि तथा पशुपंक्षी उपज सम्झनु पर्दछ ।

(ङ) “थोक कारोवार” भन्नाले पाँच किलो वा सो भन्दा वढी कृषि वस्तुको खरीद विक्रीको परिमाणलाई संम्झनु पर्दछ ।

(च) “अध्यक्ष” भन्नाले समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(छ) “सदस्य” भन्नाले समितिको सदस्य सम्झनु पर्दछ ।

(ज) “सेवा शुल्क” भन्नाले वजारमा उपलब्ध गराईएको सेवा र सुविधा वापत समितिलाई प्राप्त हुने इजाजत शुल्क, प्रवेश शुल्क तथा स्थान उपलब्ध गराए वापतका भाडा वा अन्य शुल्क सम्झनु पर्दछ ।

(झ) “वजार व्यवस्थापक” भन्नाले यस कार्यविधि बमोजिम तोकिएको वजार व्यवस्थापक सम्झनु पर्दछ ।

४. कृषि तथा पशुपंक्षी उपज वजार संचालक समितिको गठन :

(१) कृषि तथा पशुपंक्षी उपज बजार संचालक समितिको गठन निम्न वमोजिम हुने छ :

अध्यक्ष - १ जना (आमभेलाबाट चयन गरिने)
सदस्य - सम्वन्धित वडाको वडा प्रतिनिधि ( १ जना)
सदस्य - प्रतिनिधि, सहकारी संस्था (१ जना)
सदस्य - प्रतिनिधि, सम्वन्धित बजार रहेको स्थानको टोल विकास संस्था (१)
सदस्य - कृषक प्रतिनिधि (कम्तीमा २ महिला सहित ४ जना)
सदस्य सचिव - सम्बन्धित वडास्थित गाउँपालिका कृषि विकास/पशु सेवा शाखा प्रतिनिधि १

(२) एक पटक समिति बनि सके पछि समितिका सदस्य संख्यामा थप घट गर्नु पर्ने अवस्थामा यसै समितिको सिफारिसमा गाउँ कार्यपालिकाले थपघट गर्न सक्नेछ ।

(३) समितिले कुनै पनी बैठकमा अन्य ब्यक्तिहरुलाई आमन्त्रित सदस्यका रुपमा छलफलका लागि बोलाउन सक्नेछ ।

**५. सदस्यहरुको योग्यता :**

कृषि तथा पशुपंक्षी उपज वजार संचालक समितिको सदस्य हुनको लागि जन प्रतिनिधि र गाउँपालिकाका कर्मचारी बाहेक अन्यको हकमा देहाय वमोजिम योग्यता पुगेका ब्यक्ति हुनु पर्दछ ।

(क) नेपाली नागरिक
(ख) २५ वर्ष उमेर पुगेको
(ग) नगर क्षेत्रभित्र वसोवास गरेको

(घ) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतवाट दोषी प्रमाणित नभएको

(ङ) मगज नविग्रेको

६. **समितिको काम, कर्तव्य र अधिकार :** (१) कृषि तथा पशुपंक्षी बस्तु उत्पादक, व्यापारी र उपभोक्ताहरुको आवश्यकता पूरा गर्न कृषि तथा पशुपंक्षी बजारको स्थापनाको लागि भौतिक सुविधा लगायतको व्यवस्था गरी सो वजारलाई प्रतिस्पर्धात्मक रुपवाट संचालन गर्ने व्यवस्था मिलाउनु समितिको कर्तव्य हुनेछ ।

(२) माथि उल्लेखित कर्तव्य पालनको लागि समितिले देहायका कार्यहरु गर्न सक्नेछ ।

(क) वजार व्यवस्थापनको सम्वन्धमा नीति निर्धारण गर्ने तथा सो को कार्यान्वयन गर्ने ।

(ख) नियमित रुपमा वजार सूचना आदान प्रदान गर्न सहयोग पुऱ्याउने ।

(ग) वजार व्यवस्थाको लागि आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्था गर्ने र त्यस्ता कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा निर्धारण गर्ने ।

(घ) कृषि उत्पादक, व्यापारी, संघ, संस्था, निकाय वा ब्यक्ति विशेषको निमित्त वजार सुविधा उपलव्ध गराउने ।

(ङ) वजारमा सुविधाहरु उपलव्ध गराए वापत लिनु पर्ने आवश्यक सेवा शुल्क निर्धारण गर्ने र सम्वन्धित ब्यक्ति वा निकायवाट त्यस्तो सेवा शुल्क असूल गर्ने ।

(च) वजार संचालन सम्वन्धी कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने ।

(छ) वजार स्थललाई सफा सुघर राखी स्वस्थ वातावरण कायम गर्ने ।

(ज) वजार स्थलको मरमत संभार तथा संरक्षण गर्ने ।

(झ) समितिले आवश्यक देखेमा सरकारी कर्मचारी, कुनै स्वदेशी वा विदेशी संध संस्थाको प्रतिनिधि, विशेषज्ञ वा सल्लाहकारलाई समितिको वैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्ने छ ।

(ञ) वजार संचालन व्यवस्था सम्वन्धमा अन्य आवश्यक कार्यहरु गर्ने ।

**७. समितिको वैठक र निर्णयः**

(क) समितिको वैठक अध्यक्षले तोकेको मिति र समयमा कृषि उपज बजार स्थलमा वस्ने छ । समितिको वैठक महिनामा एकपटक अनिवार्य रुपमा वस्नु पर्नेछ ।

(ख) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको वैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(ग) समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा बैठक बस्न आवस्यक देखिएमा सम्वन्धित वडा रहेको वडा अध्यक्षले वैठकको अध्यक्षता गर्नेछ ।

(घ) समितिको वैठकमा वहुमतको राय मान्य हुनेछ र मत वरावर भएमा वैठकको

अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन सक्ने छ ।

(ङ) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिने छ ।

(च) समितिको वैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

८. **कृषि तथा पशुपंक्षी उपज वजार संचालक समितिका सदस्यहरुको पदावधि :** (१) कृषि तथा पशुपंक्षी उपज वजार संचालक समितिमा रहेका जन प्रतिनिधि र गाउँपालिकाका कर्मचारी बाहेक अन्य सदस्यको पदावधि बढिमा २ वर्षको हुनेछ । एक पटक समितिको सदस्यमा नियुक्त भैसकेका व्यक्तिहरु पुनः सदस्य नियुक्त हुन सक्ने छन् ।

९. **उप-समितिको गठन गर्न सक्ने :** समितिले आफ्नो कार्य संचालनमा सघाउ पुऱ्याउन वडा स्तरमा वडा जनप्रतिनिधी संयोजकत्वमा २ जना कृषक प्रतिनिधी सहित ३ सदस्यीय उप-समिति गठन गर्न सक्ने छ र त्यस्तो उप-समितिको काम, कर्तव्य र अधिकार तथा वैठक सम्वन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **समितिको कोष** : समितिको एउटा छुटै कोष हुनेछ ।

(१) समितिको कोषमा देहायका रकमहरु रहने छन् र समितिको सवै खर्च सो कोषवाट व्यहोरिने छः

(क) सेवा शुल्क वापत प्राप्त रकम र

(ख) विभिन्न व्यक्ति वा संघसंस्थावाट प्राप्त रकम

(ग) लिम्चुङबुङ गाउँपालिकाबाट प्राप्त अनुदान रकम र

(ग) अन्य कुनै स्रोतवाट प्राप्त रकम

(२) समितिलाई प्राप्त हुने सवै रकम प्राप्त हुना साथ राष्ट्रिय स्तरको वाणिज्य बैकमा खाता खोली जम्मा गर्नु पर्ने छ ।

(३) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थावाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्दा खैरहनी गरपालिकाको पूर्व स्वीकृति लिई संघीय सरकारको प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

(४) समितिलाई नेपाल सरकार, गाउँपालिका, विदेशी सरकार वा अन्तरराष्ट्रिय संघ संस्थावाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त भएको हो, सो रकम सोही कार्यक्रम वा कार्यमा खर्च गर्नु पर्नेछ ।

(५) समितिको कोषको संचालन समितिले तोके वमोजिम हुनेछ ।

(६) कोषमा जम्मा भएको सेवा शुल्कवाट प्राप्त रकम मध्येवाट अधिकांश रकम वजार स्थल नियमित रुपमा संचालन गर्न (कर्मचारी तलव, वैठक भत्ता, विजुली, पानी, सरसफाई, टेलीफोन, चियापान तथा अन्य भैपरी खर्च आदि) तथा वजार स्थल निमार्ण, सुधार, मर्मत, संभार कार्यको लागि समितिले खर्च गर्न सक्ने छ । वजार स्थलको लागि स्थायी रुपमा जग्गा उपलब्ध गराउने संस्थालाई सम्झौता अनुसार तोकिएको रकम नियमित, वार्षिक वा एकमुष्ट रुपले जग्गा उपलब्ध गराए वापत दिनु पर्ने अवस्थामा पनि यसै रकम मध्येवाट समितिले दिन सक्ने छ ।

**११. लेखा र लेखा परीक्षणः** (१) समितिको आय व्ययको लेखा समितिले तोकेको ढाँचामा राखिने छ ।

(२) समितिको लेखा परीक्षण रजिष्टर्ड लेखा परीक्षकवाट गरिने छ ।

(३) गाउँपालिकाले चाहेमा जुनसुकै वखत समितिको हिसाव किताव जाँच्न वा जंचाउन सक्नेछ ।

१२. **वजार व्यवस्थापकको नियुक्तिः** (१) दैनिक प्रशासकीय एवं बजार संचालन, सूचना र तोकिएका अन्य काम गर्न नगरपालिकाले एक वजार व्यवस्थापक नियुक्त गर्ने छ । (२) वजार व्यवस्थापकको सेवा शर्त र सुविधा समितिले तोके वमोजिम हुनेछ ।

१३. **वजार व्यवस्थापकको काम कर्तव्य र अधिकारः** वजार व्यवस्थापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफू मातहतका कर्मचारीहरुको रेखदेख र नियन्त्रण गर्ने ।

(ख) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,

(ग) वजार व्यवस्थाको लागि आवश्यक वार्षिक तथा दीर्घकालीन योजना तर्जुमा गरी समिति समक्ष पेश गर्ने ।

(घ) गाउँपालिका तथा वजार विकास संग सम्वन्धित विभिन्न निकायहरु संग समन्वय राखी कार्य गर्ने ।

(ङ) समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

१४. **बजार कर्मचारीः** बजार सरसफाई, सुरक्षा तथा अन्य कार्य संचालनको निमित्त समितिले आफ्नो आर्थिक क्षमताको आधारमा आशिंक वा पूरा समयको लागि आवश्यक कर्मचारीहरु व्यवस्था गर्न सक्नेछ ।

१५. **समितिको कार्यालयः** समितिको कार्यालय संभव भए सम्म कृषि तथा पशुपंक्षी उपज बजार स्थल क्षेत्र भित्र रहने छ ।

१६. **कारोवार गर्ने कृषि वस्तुमा थपघट :** तोकिएका वजार भित्र कारोवार गरीने कृषि तथा पशुपंक्षी उपजको कारोवारमा थपघट गर्नु परेमा समितिको सिफारीसमा गाउँ कार्यपालिकाले थपघट गर्न सक्ने छ ।

१७. **अधिकार प्रत्यायोजन :** समितिले आवश्यकतानुसार आफ्नो सवै वा केही अधिकार समितिको कुनै सदस्य, सदस्य-सचिव वा समितिको कुनै अन्य तोकिएको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छ ।

१८. **प्रतिवेदन पेश गर्नु पर्ने :** समितिले आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र आफूले गरेको काम, वजारमा क्रयविक्रय भएका वस्तुको विद्यमान मूल्य, खरीद विक्री संग सम्वन्धित आर्थिक तथा अन्य विवरण, उठेका समस्या तथा समस्या समाधान गर्न भएका प्रयास समेत उल्लेख गरी वार्षिक प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ । गाउँ कार्यपालिकाले उक्त प्रतिवेदनको आधारमा भावी नीति तयार गर्नेछ ।

१९. **बजारको स्वामित्व :** यो समिति गठन पश्चातको बजार स्थल भित्रका भौतिक पूर्वाधारहरुको पूर्ण स्वामित्व गाउँपालिकामा रहने छ । समितिले वजारको स्वामित्व हस्तान्तरण गर्ने गरी वा आफ्नो क्षमता भन्दा वढीको दायित्व लिने गरी कसैसित कुनै सम्झौता गर्ने वा अन्य व्यवहार गर्न सक्ने छैन ।

२०. **समिति भंग हुने र छुट्टै व्यवस्था हुन सक्ने :** गाउँ कार्यपालिकाले आवश्यक ठानेमा विधमान समिति विघटन गरी उक्त वजारको संचालनको लागि छुट्टै समिति वा अन्य व्यवस्था गर्न सक्ने छ ।

२१. **गाउँ कार्यपालिकाको निर्णय मान्य हुने :** यय कार्यविधि वा सम्झौता-पत्रको कार्यान्वयनका सिलसिलामा आई पर्ने कुनै समस्याका सम्वन्धमा कृषि उपज वजार संचालक समितिले समस्याको

समाधान गर्ने छ । त्यस सम्वन्धमा कुनै विवाद उत्पन्न भएमा गाउँपालिका गाउँ कार्यपालिकाले गरेको निर्णय समितिलाई मान्य हुने छ ।

२२. **भौतिक संरचना :** कृषि उपज वजार स्थल भित्र समितिले कुनै स्थायी प्रकृतिको भौतिक संरचना निर्माण गर्नु पर्ने भएमा समितिले अग्रिम रुपमा सोको स्वीकृती गाउँपालिकावाट लिनु पर्नेछ ।

२३. **समितिको जिम्मेवारी हस्तान्तरण :** समितिको कुनै किसिमले कार्य समाप्त भएमा कार्यविधि बमोजिम नव गठित समितिलाई यस समितिको जिम्मामा रहेको सम्पूर्ण कोषको रकम, भौतिक सम्पति, सामाग्री, कागजात तथा कार्य जिम्मेवारी १५ दिन भित्र हस्तान्तरण गर्नु पर्ने छ र सो को जानकारी गाउँपालिकालाई दिनु पर्नेछ ।

२४. **सम्झौता भंग गरी उपयोग गर्ने गाउँपालिकाको अधिकार :** यो सम्झौतामा अन्यत्र जे सुकै लेखिएको भएता पनि समितिले सम्झौतामा उल्लेखित शर्तहरुको विपरीत कुनै कार्य गरेमा वा प्रयोग गरिएका सम्पत्तिको हानी नोक्सानी हुने गरी कुनै कार्य गरेमा वा वजारको संचालन उपयुक्त किसिमले भएको छैन भन्ने लागेमा वा कृषि वजारको व्यवस्था र संचालनको छुट्टै व्यवस्था गर्ने निर्णय गरेमा गाउँ कार्यपालिकाले सम्झौता भङ्ग गर्न सक्ने र समितिलाई उपलब्ध गराएको सम्पत्ति आफ्नो कब्जामा लिइ छुट्टै तरिकाको प्रयोगको व्यवस्था मिलाउन सक्ने छ ।

२५ **अनुसुचि** : समितिले प्रयोग गर्ने लोगो तथा छापको नमूना अनुसुची १, समितिले प्रयोग गर्ने लेटर प्याड्को नमूना अनुसूची २, समितिले प्रयोग गर्ने साइन वोर्डको नमूना अनुसूची ३ र समितिलाई

हस्तान्तरण गरिएको भौतिक सम्पति/सामाग्रीहरुको विवरण अनुसूची ४ वमोजिम हुनेछ ।

## अनुसूची – १
## समितिले प्रयोग गर्ने प्याडको नमूना

**कृषि तथा पशुपंक्षी उपज बजार संचालक समिति**
**लिम्चुङबुङ गाउँ पालिका वडा नं. –...,**
**उदयपुर**
**१ नं प्रदेश, नेपाल ।**

**फोन नं. :**
**प्याक्स नं. :**
**ईमेल :**

**प.सं. :** Ref :

**मिति :** Date :

---

**विषय (Sub) :**

## अनुसूची – २
## भौतिक सम्पत्ति/सामग्री

कृषि तथा पशुपंक्षी उपज बजार संचालक समिति,
लिम्चुङबुङ- ..... ले प्रयोग गर्ने भौतिक
सम्पत्ति/सामाग्रीहरुको विवरण

**आ.व.**

**मितिः**

| **क्र.सं.** | **विवरण** | **परिमाण** | **कैफियत** |
|---|---|---|---|
| | | | |

**पेश गर्ने,**
**प्रमाणित गर्ने,**